
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं १४ गते मंगलबार ❑ 30 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## तनहुँमा उम्मेदवार बन्न काङ्ग्रेस केन्द्रीय नेताको इच्छा

**पोखरापत्र संवाददाता**
**दमौली, १३ भदौं**

मङ्सिर ४ गते हुने निर्वाचनका लागि तनहुँ क्षेत्र नम्बर १ मा प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्नका लागि नेपाली कांग्रेसका केन्द्रीयस्तरका नेताहरूले आवेदन दर्ता गराउनुभएको छ।

नेपाली कांग्रेस तनहुँ क्षेत्र नम्बर १ क्षेत्रीय कार्यसमितिले आकाङ्क्षीहरूको आवेदन सङ्कलन गरेकामा सोमबारसम्म तनहुँ क्षेत्र नम्बर १ को प्रतिनिधिसभा सदस्यका लागि चार जनाले आवेदन दर्ता गराउनुभएको छ।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, केन्द्रीय सदस्य शङ्कर भण्डारी, गोविन्द भट्टराई र संविधानसभा सदस्य रामचन्द्र पोखरेलले प्रतिनिधिसभा सदस्यका लागि आवेदन दर्ता गराउनुभएको छ। वरिष्ठ नेता पौडेलले भतिज उद्धव पौडेलमार्फत नेपाली कांग्रेस क्षेत्रीय कार्यसमितिको कार्यालयमा आवेदन दर्ता गराउनुभएको हो । सुशासन, पारदर्शीता र गाउँको विकासलाई प्राथमिकता दिन आफू उम्मेदवार बन्न इच्छुक रहेको उल्लेख गर्नुभएको छ । केही समय अगाडि गृह जिल्ला आउँदा पौडेलले आफू क्षेत्र नम्बर १ बाटै उम्मेदवार बन्ने बताउनुभएको थियो।

केन्द्रीय सदस्य भण्डारीले जिल्ला सदस्य डम्बरबहादुर अधिकारीमार्फत आवेदन दर्ता गराउनुभएको हो । भट्टराईले आइतबार आफैँ आवेदन दर्ता गराउनुभएको थियो । तनहुँ क्षेत्र नम्बर २ को प्रतिनिधिसभा सदस्यका लागि कसैले आवेदन दर्ता नगरेको क्षेत्रीय सभापति चुडामणि खनालले जानकारी दिनुभयो। प्रदेशतर्फ भने प्रत्यक्ष र समानुपातिकका लागि आवेदन दर्ता गरिएको छ। मङ्सिर ४ गते हुने निर्वाचनका लागि काङ्ग्रेस तनहुँले आकाङ्क्षी उम्मेदवारको नामावली सङ्कलन सुरु गरेको छ। तनहुँका दुई प्रतिनिधिसभा र चार प्रदेशसभा क्षेत्रमा प्रत्यक्ष र समानुपातिकतर्फ उम्मेदवार बन्न चाहने आकाङ्क्षीको नामावली सङ्कलन गरिएको हो।

तनहुँ क्षेत्र नम्बर १ को प्रतिनिधिसभाका लागि प्रत्यक्ष र समानुपातिकतर्फ भदौ १४ गते बेलुकासम्म आन्तरिक उम्मेदवारी दर्ता गर्न सकिने क्षेत्रीय सभापति श्यामकुमार मौरातीले जानकारी दिनुभयो । प्रतिनिधिसभा समानुपातिकतर्फ दलितमा यमुना खड्का विक र खुल्ला महिलामा मिरा जोशीले आवेदन दर्ता गराउनुभएको छ।

तनहुँ क्षेत्र नम्बर १ प्रदेश (क) तर्फ प्रत्यक्षमा रघुनाथ पौडेल, अशोककुमार श्रेष्ठ, शेष मोहम्मद हनिफ (गोरा मियाँ), सरिता गुरुङ, लक्ष्मीप्रसाद आचार्य, हरिदत्त पौडेल, दीपक भट्टराई, डोबाटे विक, पूर्णबहादुर गुरुङ, सहदेव अधिकारी र शङ्कर पौडेलले आवेदन दर्ता गराउनुभएको छ। समानुपातिकतर्फ कुलचन्द्र वाग्ले, कल्पना पोखरेल, अर्जुनबहादुर अधिकारी, राजकुमार श्रेष्ठ, आशा थापा, सहिदा खातुन, पवित्रा पौडेल, सुशीला शर्मा, ओजराज पौडेल, कृष्ण रुचाल, उदयराज गौली, चिनु पोखरेल, ताराप्रसाद श्रेष्ठ, छत्रराज भण्डारी, विणा कैनी, वृषराज श्रेष्ठ, टेकबहादुर गुरुङ, समुन्द्र गोदार, नारायणी अधिकारी, श्यामकुमार मौराती र प्रताप गुरुङले आवेदन दर्ता गराउनुभएको छ।

प्रदेश (ख) तर्फ डम्बरबहादुर अधिकारी, दीपक भट्टराई, रामचन्द्र अधिकारी, अर्जुन अधिकारीले आवेदन दर्ता गराउनुभएकोछ।समानुपातिकतर्फ रेशम गुरुङ, चिजा श्रेष्ठ, पुष्पादेवी श्रेष्ठ, प्रेमबहादुर गुरुङ, पवित्रा गौली, केशबहादुर सुनार, तमबहादुर दरै, विद्या खनाल नागिला, अमृतबहादुर नेपाली,

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## चाडपर्वको मौलिकता जोगाउनु पर्छ : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ भदौं**

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले चाडपर्वको मौलिकता जोगाउनु आजको आवश्यकता भएको बताउनुभएको छ।

हरितालिका तीजको पावन अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले चाडपर्व हाम्रा संस्कृति र पहिचान भएको उल्लेख गर्नुभयो।

"मौलिक संस्कृतिको प्रवर्द्धन गदै संस्कारयुक्त सामाजिक वातावरण तयार गर्न यस्ता चाडपर्वको मौलिकता जोगाउनु अहिलेको आवश्यकता हो", शुभकामना सन्देशमा भनिएको छ। हरितालिका तीजलाई नेपाली महिलाले एक सनातन सांस्कृतिक पर्वको रुपमा मनाउँदै आएको सन्देशमा उल्लेख गरिएको छ।

भाद्र शुक्लपक्ष तृतीयाका दिनपर्ने यस पर्वमा महिलाले भगवान् शिवपार्वतीको पूजा आराधना गर्दै आफ्नो सौभाग्य, परिवारको सुख, सुस्वास्थ्य र दीर्घायुको कामनासहित उपवास बस्नाले मनोकामना पूरा हुने विश्वास रहिआएको प्रदेश प्रमुख गुरुङले भन्नुभएको छ। सामाजिक एकताको प्रतीकका रुपमा रहेको यस पर्वले सबैमा खुसी साटासाट गदै सामाजिक, सांस्कृतिक तथा पारिवारिक एकता र सम्बन्धलाई दृढ गर्न सकोस् भन्ने उहाँले कामना गर्नुभएको छ।

## पुस्तकालय दिवस : कैदीबन्दीलाई पुस्तक उपहार

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ भदौं**

बन्दी जीवन बिताइरहेकालाई पठन संस्कृति र सकारात्मक सोचतिर प्रेरित गर्न पुस्तक उपहार दिइएको छ। १५औँ राष्ट्रिय पुस्तकालय दिवसका अवसरमा विद्यामन्दिर पुस्तकालयले सोमबार बागलुङ कारागारमा पुगी पुस्तक प्रदान गरेको हो।

साहित्य, इतिहास, दर्शनलगायत विधाका २६ थान पुस्तक कारागारलाई हस्तान्तरण गरिएको पुस्तकालयका सचिव रामचन्द्र शर्माले जानकारी दिनुभयो। रु आठ हजार मूल्य बराबरका ती पुस्तक कारागारमा रहेको पुस्तकालयमा रहने गरी प्रदान गरिएको हो । पुस्तक ग्रहण गर्दै कारागार प्रमुख डिलबहादुर केसीले कैदीबन्दीलाई लक्षित गरी जीवनपयोगी र ज्ञानबर्द्धक पुस्तक दिएकोप्रति पुस्तकालयको प्रशंसा गर्नुभयो । "अनेक कारणले कानूनको परिबन्धमा परेर कैदीजीवन बिताइरहेकालाई सत्विचार लिन, ज्ञानको दायरा बढाउन पुस्तकले मद्दत पुग्नेछ", उहाँले भन्नुभयो।

कारागारलाई पाठशाला बनाउने हेतुले गत महिना मात्र कारागारभित्रै पुस्तकालय स्थापना गरिएको प्रमुख केसीले उल्लेख गर्नुभयो । अन्तर्राष्ट्रिय बागलुङ समाज र नेपाल लाईब्रेरी फाउण्डेशनको सहयोगमा उक्त पुस्तकालय सञ्चालनमा ल्याइएको हो। विद्यामन्दिर पुस्तकालयका अध्यक्ष रामप्रसाद शर्माले साताव्यापी रुपमा दिवस मनाउने सिलसिलामा कारागारलाई पुस्तक हस्तान्तरण गरिएको बताउनुभयो । उहाँले उपहार स्वरुप दिइएका पुस्तक सदुपयोग हुनेमा विश्वास व्यक्त गर्नुभयो।

उक्त पुस्तकालयले विसं २०२० तिर घुम्ती पुस्तकालय सञ्चालन गरी कारागारमा रहेका केदीबन्दीसम्म पुस्तक पुऱ्याउने गर्थ्यो । त्यसताका गृहणीका लागिसमेत उपयोगी पुस्तक घरघरै पुऱ्याउने गरिएको पुस्तकालयका पूर्वअध्यक्ष महेशचन्द्र प्रधानले स्मरण गर्नुभयो । अहिले भने घुम्ती पुस्तकालय सञ्चालनमा छैन । राणाकाल छँदा विसं २००३ मा स्थापित विद्यामन्दिर पुस्तकालय देशकै अग्रणीमध्येमा पर्छ । प्रतिकूल स्थितिमा खुलेका कारण पनि यसको अलग्गै पहिचान र गरिमा छ । यस क्षेत्रको शैक्षिक, सामाजिक, सांस्कृतिक र राजनीतिक जागरणको केन्द्रको रुपमासमेत विद्यामन्दिर पुस्तकालयलाई लिइन्छ।

स्थापनाकालमा काठमाडौँ उपत्यका हुँदै भारतको दिल्ली, गोरखपुरसम्मबाट भरिया लगाएर ल्याइएका पुस्तक सङ्ग्रह गरेर सुरु गरिएको पुस्तकालयमा अहिले विभिन्न विधाका गरी करिब १५ हजार पुस्तक छन् । पुस्तकालयमा अहिले विद्युतीय पुस्तकालय (इ-लाइब्रेरी) पनि छ । प्रारम्भिक

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## उद्योग वाणिज्य संघमा युवा नेतृत्व आवश्यक

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ भदौं**

राजनीतिमा युवा नेतृत्व खोजिरहेको समयमा हरेक क्षेत्रले युवा नेतृत्व चाहिरहेको छ। आसन्न भदौ २४ र २५ गते उद्योगी व्यापारीहरुको छाता संस्था पोखरा उद्योग वाणिज्य संघको अधिवेशन हुदैछ । संघको नेतृत्वले युवा खोजिरहेको संघमा आवद्ध युवा व्यावसायीहरुको धारणा छ।

पोखरा २ मोहोरिया टोलका सन्तोष विजुक्छे पनि अब हरेक क्षेत्रमा युवा नेतृत्व आवश्यक पर्ने बताउँछन्। पोखरा उद्योग वाणिज्य संघको नयाँ नेतृत्वका लागि २ प्यानल अहिले घरदैलोमा व्यस्त छ। सोही क्रममा अर्जुन पोखरेल प्यानल सोमबार बिहान बिजुक्छेले सञ्चालन गरेको एस एन सुनचादी दुकानमा पुग्यो । पोखरेलसहित पुगेको जम्बो टोलीमा धेरैजसो नयाँ र युवा अनुहार देख्दा उनी खुसी थिए । युवालाई नेतृत्वमा पुऱ्याए केही परिवर्तन अवश्य हुने उनको आँकलन थियो । पोखरा उद्योग वाणिज्य संघको सदस्य र पदाधिकारीमा लामो समय काम गरेका अर्जुन कोइराला युवा भएपनि अनुभव बटुलेका व्याक्ति भएकाले सबैले साथ दिनुपर्ने उनको तर्क थियो।

यस्तै पोखरा ३ का बिनोद लिगल पनि युवाले नेतृत्व हाक्नुपर्ने बताउँछन्। लिगल बिजुली पसल सञ्चालन गरिरहेका उनले आफ्नो मत सक्षम र अनुभवीलाई रहने बताए। 'चुनाव हो जे पनि हुन सक्छ तर नेतृत्व युवाले नै लिनुपर्ने आजको आवश्यकता हो,' उनले भने, 'अर्जुन जीले नयाँ अनि अनुभवीहरुलाई लिएर टिम बनाउनुभएको छ र केही पुराना पनि छन त्यसैले टिम राम्रो नै लागेको छ।' पोखरेल प्यानलले मत माग्दै घरदैलो अभियान सोमबार पनि जारी राखेको छ। टिम बिहानै संघका पूर्व अध्यक्ष बसन्त उदाससँग आशिर्वाद लिएर बागबजारका मतदातासमक्ष पुगेका थिए। उदास आफ्नो टोलमा पोखरेल प्यानलसँगै हिडेका थिए। उनी पनि मतदाताहरुलाई सक्षम व्याक्ति छान्न आग्रह गरिहेका थिए । बागबजारबाट टोली मोहारिया टोल हुँदै भैरव टोल स्थित नेपाल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीसँग आशिर्वाद लिन पुगेका थिए । त्यसलगत्तै सो प्यानल नालामुख, बाग्लुङ बसपार्क, गणेशटोल, रामकृष्ण टोल, तेर्सापट्टी, नदीपुर हुँदै बगर पुगेको थियो।

मत माग्न जाने क्रममा उम्मेद्वारसँग मतदाताहरुले घरभाडा, बैंकको ब्याज लगायत समस्या सुनाएका थिए । पोखरेलको प्यानलले उद्योग वाणिज्य संघलाई बहुतले बनाएर किसान बजार चलाउने देखि भवनबाट आम्दानी गर्ने योजना ल्याएको छ । अन्तराष्ट्रिय संघ संस्था र नेपाल मै खुलेका उद्योग र व्यवसायसँग सम्बन्धित संघ संस्थासँग सहकार्य गर्ने, पोखरामा लगानीमैत्री वातावरण सिर्जना गर्ने, सरकार र नागरिकबीचको पुलका रुपमा काम गर्ने लगायत प्रतिबद्धता पोखरेल समूहको छ।

उनको समूहबाट बरिष्ठ उपाध्यक्षमा हरिहर सापकोटा, उद्योग उपाध्यक्षमा देवेन्द्र केसी, वाणिज्य उपाध्यक्षमा कुमारी मुना बास्तोला, महासचिवमा केशव बहादुर खत्री, कोषाध्यक्षमा हरिराज पन्त र उपमहासचिवमा हर्कबहादुर अधिकारी (मिरज) उम्मेद्वार छन्। यस्तै, सदस्यहरुमा भरत केसी, कृष्ण प्रसाद कोइराला, धर्मेन्द्रकुमार बाटाजु, माधव बस्ताकोटी, उदयबहादुर केसी (लाहुरे दाइ), दिलिपकुमार श्रेष्ठ, दुर्गा रन्जित श्रेष्ठ, हिमनिधि लौडारी र महेन्द्र पौडेलले उम्मेद्वारी घोषणा गरेर चुनावी प्रचारमा लागिरहेका छन्।

## पवन प्रजापती टिमको विकल्प नरहेको व्यवसायीको धारणा

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ भदौं**

पोखरा उद्योग वाणिज्य संघको चुनानी सरगर्मी वढेसँगै पवन प्रजापतीको समुहले आज अम्मरसिंह चोक, राम वजार, वुद्धचोक आसपासका स्थानमा घरदैलो गरेका छन्।

घर दैलो अभियानमा सहभागि स्थानिय व्यवसायीहरुले अवको संघको नेतृत्वमा पवन प्रजापतीको विकल्प नभएको धारणा राखे । उनिहरुले पवन प्रजापतीको टिम समावेसी, अनुभवी र समझदार टिम भएकाले यसपालि संघको खस्कदो अवस्थालाई उकास्ने टिम भएको भन्दै अग्रिम शुभकामना समेत दिए।

घरदैलो अभियानमा अध्यक्षका प्रत्यासी पवन कुमार प्रजापतीले सवै महिला व्यवसायी सवै महिला उद्यमी भन्दै घरघरमा तीजको शुभकामना सँगै भोट अभियान संचालन गरेको धारणा राख्नुभयो । उहाले संघमा महिला सदस्यको संख्या वृद्धि र उद्यमशिलतालाई केन्द्रमा राख्ने पनि घरदैलो अभियानमा प्रतिवद्धता जनाउनुभयो। घरदैलो अभियानमा रहेकी उपमहासचिवकी प्रत्यासी सोभा गौतमले महिलाहरुको महान चाड तीजले छोपेपनि आफुलाइ भने उद्योगी व्यवसायीको समस्या र त्यसको समाधानका लागि लाग्ने वेला भएको धारणा राख्नुभयो । उहाले भन्नुभयो-"महिला भएका नाताले मलाई पनि तीज आएको छ तर म घरदैलोमा प्रत्येक घरमा तीज मनाउँदै शुभकामना र आर्शिवाद लिदै हिडेकी छु यो नै मेरालाई तीज भन्दा महत्वपूर्ण छ ।" व्यावसायिक वातावरण निर्माण र उद्योगी/व्यवसायीहरुको सम्मान अभिवृद्धि हाम्रो पहिलो प्राथमिकता भन्ने पहिलो प्रतिवद्धता सहित विभिन्न पेशा र व्यवसायीहरुका सामुहिक समस्या, अवसरको व्यवस्थापन र खोज सहितका १७ वटा प्रतिवद्धता लिएर पवन प्रजापती समुह चुनावी मैदाना उत्रिएको छ। प्रजापती समुहमा वरिष्ठ उपाध्यक्षमा गोकर्ण कार्की, उपाध्यक्ष उद्योग हिरामणी पण्डित वाणिज्यमा उत्तममान वुद्धाचार्य, महासचिवमा बलराम आचार्य, कोषाध्यक्ष दिनेश चन्द्र वाँस्तोला, उपमहासचिव शोभा गौतम, र सदस्यहरुमा प्रभा सुवेदी, बालकृष्ण कोईराला, विनोद केसी, भीम गौतम, मनोज कुमार श्रेष्ठ, यमनाथ तिमिल्सिना, रामचन्द्र शर्मा, ललित कुँवर, सुदिप ओझा र सुदिप प्रधानाङ्ग रहेका छन्।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नवौं राष्ट्रिय खेलकुदका लागि ३३ खेलस्थल टुङ्गियो : राखेप सदस्य गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, १३ भदौं

आसन्न नवौं राष्ट्रिय खेलकुदका लागि खेलस्थल व्यवस्थापन उपसमितिले प्रतियोगिताका लागि ३३ वटा खेलको खेल स्थल टुंगो लगाएको छ।

सोमबार प्रतियोगिता अर्न्तगत प्याराग्लाईडिङको 'भेन्यू' हेर्नका लागि पोखराको सराङकोट पुगेका राष्ट्रिय खेलकुद परिषद्का सदस्य समेत रहेका खेलस्थल व्यवस्थापन उपसमिति उपसमिति संयोजक राजेश कुमार गुरुङले यस्तो बताएका हुन् । उनले प्रतियोगितामा समावेश विभिन्न ३३ वटा खेलका लागि उपयुक्त खेल मैदानसहित अभ्यास स्थलको टुंगो लगाइसकेको जानकारी दिए।

उनले भने, 'हामीले हालसम्म नवौं राष्ट्रिय प्रतियोगिताका ३३ वटा खेलको खेलस्थल र अभ्यास मैदानको टुंगो लगाएका छौं । यसमा सदस्य सचिव, टेक्निकल टोली सहित खेल पदाधीकारी



बसेर केही दिनमै सार्वजनिक गर्नेछौं।' प्याराग्लार्डडिङका लागि कास्की सहित स्याङ्जा, तनहुँ लगायतका जिल्लामा सम्भावित 'स्पट'को अवलोकन गरिसकेका उनले घुमाउरो पारामा प्रतियोगिता पोखरामा नै सञ्चालन हुने संकेत गरे । उनले खेलस्थलको औपचारिक जानकारी भने केही दिनमा पत्रकार सम्मेलनमार्फत दिने बताए । उनले प्रतियोगिता सञ्चालका लागि उक्त स्पटमा विभिन्न पूर्वाधारहरुको आवश्यकता रहेको भन्दै त्यसलाई व्यवस्थित बनाउन नेपाल प्याराग्लाइडिङ तथा ह्याङ्ग्लाइडिङ संघ गण्डकीका अध्यक्ष तथा प्रदेश खेलकुद परिषद्का सदस्य बसन्तराज दवाडी, प्याग्लाईडिङ प्रशिक्षक योगेश भट्टराईलाई आग्रह गरे।

३९ वर्षपछि गण्डकी प्रदेशमा आयोजना हुन लागेको प्रतियोगितालाई प्रदेशका ११ वटै जिल्लाको अपन्त्व रहनेगरि सञ्चालनका लागि तयारीलाई अन्तिम चरणमा पुर्‍याइएको गुरुङले बताए।

यद्यपी विभिन्न जिल्लामा खेल पुर्वाधार र प्राविधिक अवरोधका कारण प्रतियोगिताका अधिकांश खेल प्रदेश राजधानी पोखरा केन्द्रित हुन सक्न गुरुङले जानकारी दिए।

# कास्की क्षेत्र नं १(ख)मा सिग्देलको उम्मेद्वारी

पोखरापत्र संवाददाता
पोखरा, १३ भदौं

नेपाली काँग्रेस कास्कीका युवा नेता नवीन सिग्देलले आगामि मंसिर ४ गते हुने निर्वाचनका लागि आफ्नो उम्मेद्वारी घोषणा गर्नुभएको छ।

कास्की क्षेत्र नं १(ख) बाट प्रदेश सभा सदस्यमा उहाँले उम्मेद्वारी घोषणा गर्नुभएको हो।

उहाँले नेपाली काँग्रेस प्रदेश कार्यसमिति समक्ष सोमबार उम्मेद्वारी दर्ता गर्नुभएको छ। सिग्देल हाल नेपाली काँग्रेस कास्कीको सहसचिव हुनुहुन्छ । 'जनताले चिनेको र भुगोलले बुझ्केको व्यक्ति म नै हुँ, उहाँले भन्नुभयो,



पार्टीमा निरन्तरता, प्रतिवद्वता, क्रियाशीलता र लोकप्रियताको मुल्यांकन गरी पार्टीले न्याय गर्ने विश्वास छ । उहाँले इमान्दार, निष्ठावान, त्यागि नेता तथा कार्यकर्ताको मनोबल उठाउन र राजनीति व्यापार नभई समाजसेवा भएको स्थापित गर्न पनि आफूले उम्मेद्वारी प्रस्तुत गरेको स्पष्ट पार्नुभयो।

पोखरा १३ निवासी सिग्देल २०५५ सालदेखि निरन्तर रुपमा राजनीतिमा सक्रिय हुनुहुन्छ।

२०५५ सालमा नेपाल विद्यार्थी संघ पृथ्वीनारायण क्याम्पसको प्रचारप्रसार उपसमितिको सदस्य हुँदै आफुलाई निरन्तर रुपमा क्रियाशील राख्दै आउनुभएको छ।

२०५७ सालको स्ववियु निर्वाचनमा नेपाल विद्यार्थी संघको तर्फबाट स्ववियु सदस्य र २०६१ मा स्ववियु सभापतिको उम्मेद्वार बन्नुभयो। नेपाल विद्यार्थी संघको जिल्ला सदस्य हुँदै सभापति बन्नुभयो। २०६७ सालमा नेपाल विद्यार्थीको राजनीतिबाट विश्राम लिएर काँग्रेसको राजनीतिमा प्रवेश गर्नुभयो।

१२ औं महाधिवेशनमा नेपाली काँग्रेस क्षेत्र नं २ कास्कीको क्षेत्रीय सदस्य, १३ औं महाधिवेशनमा नेपाली काँग्रेस कास्कीको जिल्ला सदस्य निर्वाचित हुनुभयो।

उहाँलाई कास्की काँग्रेसले दिएको जिम्मेवारी अनुसार, करिब तीन वर्ष पार्टीको प्रवक्ताका रुपमा पनि काम गर्नुभएको छ। १४ औं महाधिवेशनमा उहाँ जिल्लाको सहसचिव पदमा निर्वाचित हुनुभएको हो।

# प्याराग्लाइडिङ खेलाडीलाई तयारी स्वरुप राज्यले प्रयाप्त रकम दिन सक्दैन : दवाडी

पोखरापत्र संवाददाता
पोखरा, १३ भदौं

स र का र ले प्याराग्लाईडिङसहित अन्य खेलहरुमा पर्याप्त रकम विनियोजन गर्न नसकेको नेपाल प्याराग्लाइडिङ तथा ह्याङ्ग्लाइडिङ संघ गण्डकीका अध्यक्ष तथा प्रदेश खेलकुद परिषद्का सदस्य बसन्तराज दवाडीले गुनासो गरेका छन्।

गण्डकी खेलकुद परिषदका बोर्ड सदस्य बसन्तराज दवाडीले सोमबार खेलस्थल अवलोकन क्रममा पोखराको सराङकोट पुगेर संचारकर्मी माझ सो कुरा बताएका हुन । प्याराग्लाइडिङ संघका संस्थापक अध्यक्ष समेत रहेका उनले प्याराग्लाइडिङ मंहगो खेल भएकोले सरकारले प्रयाप्त रकम दिन नसक्ने बताए । सरकारलाई प्याराग्लाइडिङ खेल हो भन्ने बुझाउन हामीलाई २० वर्ष लाग्यो।

ढिलै भए पनि सरकारले बुझ्यो त्यसमा हामी खुसी छौं। उनले भने। राज्यबाट दिने स्रोत नै अपुग भएकोले हामीले खेलाडीलाई पुग्ने रकम दिन नसकिने दवाडीको भनाई रहेको छ।

# प्याराग्लाईडिङ पोखरामा सञ्चालन गर्न उपयुक्त हुन्छ : प्रशिक्षक भट्टराई

पोखरापत्र संवाददाता
पोखरा, १३ भदौं

प्याराग्लाईडिङ प्रशिक्ष योगेश भट्टराईले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्याराग्लाईडिङ पोखरामा सञ्चालन गर्न उपयुक्त हुने बताएका छन्।

सराङकोट र तोरीपानीबाट व्यवसायीक प्याराग्लाईडिङ उडान हुँदै आएको पोखरामा टेक्निकल हिसावले पनि प्रतियोगिता सराङकोटबाट सञ्चालन गर्नु उपयुक्त भएको उनले बताए।

उनले राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताकालागि सराङकोट टेक्निकल तथा खेलाडीको सुरक्षाको लागि पोखरा उपयुक्त रहेको बताए। उनले भने, 'गण्डकी प्रदेशका अन्य जिल्लामा पनि व्यवसायिक उडान नभएका होइन् तरपनि प्रतियोगिताका एकुररेसी र क्रस कन्ट्रिका लागि आवश्यक टेक्निकल हिसाव र खेलाडीको सुरक्षाका लागि यो भन्दा अर्को विकल्प छ जस्तो लाग्दैन्।' उनले भने । उनले प्रतियोगितामा खेलाडीहरुले यस अगाडीका विभिन्न प्रतियोगितामा प्राप्त गरेको नतिजा र छनौट चरणमा गरेको प्रर्दशन आधारमा प्रदेशबाट प्रतिनिधित्व गर्ने खेलाडीको टुंगो लगाइने जानकारी दिए। विभिन्न जिल्लाबाट छनौट भएका प्याराग्लाइडिङ खेलाडीहरुले भदौ १६ गते देखि १८ गते सम्म पोखरामा संचालन हुने प्रदेश स्तरिय छनौटमा सहभागिता जनाउने छन।

भट्टराईका अनुसार नवौ राष्ट्रिय खेलकुद प्रतियोगिताको प्रदेश स्तरियका लागि दुई छुट्टा-छुट्टै इभेन्टका लागि खेलाडी छनोट गरिने छ। महिला तथा पुरुष क्रस कन्ट्रि, महिला तथा पुरुष एकुररेसी इभेन्टस्मा प्रतियोगिता सञ्चालन हुनेछ।

आगामी असोज २८ देखि कार्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा सञ्चालन हुने राष्ट्रिय खेलकुदमा दुई प्रदर्शनसहित ३८ खेल सञ्चालन हुनेछन् । अधिकांश खेल पोखरामा र केही खेल पोखरा बाहिर गर्ने तयारी छ।

# स्याङ्जा काँग्रेसबाट एकसय सांसद बन्न आकांक्षी

श्रीकृष्ण सिग्देल
स्याङ्जा, १३ भदौं

स्याङ्जामा आगामी मंसिरमा हुने निर्वाचनका लागि नेपाली काँग्रेसबाट झण्डै १ सय जनाले सांसद बन्ने आकांक्षा देखाएका छन्।

दुई संघिय क्षेत्र र ४ प्रदेश रहेको स्याङ्जामा प्रत्यक्ष र समानुपातिकका लागि १०१ जनाले आकांक्षा देखाएका हुन्। नेपाली काँग्रेस केन्द्रीय समितिले संघ र प्रदेशका लागि उम्मेदवार छनोट गरी पठाउन परिपत्र गरेपछि अहिले सांसद बन्ने दौडमा आकांक्षीहरु देखिएका हुन् । क्षेत्रिय समिति र प्रदेश समितिले काँग्रेस पार्टीबाट सांसद बन्न इच्छुकहरुलाई लिखित रुपमा पेशगर्न आब्हान गरेपछि दुवै क्षेत्र र प्रदेशमा १०१ जनाले सांसद बन्न आकांक्षा व्यक्त गरेका थिए। संघिय सांसदका लागि १ महिला सहित ३ जना र समानुपातिका लागि १ महिला सहित २ जना क्षेत्रले सिफारीस गरि पठाउनु पर्ने केन्द्रीय समितिले निर्देशन गरेको छ । यसै गरी प्रदेशमा पनि १ महिला सहित ३ जना र समानुपातिका लागि १ महिला सहित २ जना पठाउने परिपत्रमा उल्लेख छ।

केन्द्रीय समितिको परिपत्र अनुसार स्याङ्जाबाट संघिय सांसदका लागि ६ जना र समानुपातिकका लागि ४ जना र प्रदेश सांसदका लागि १२ जना र समानुपातिकका लागि ८ जनाको नाम सिफारीस हुनुपर्ने छ। जसका लागि स्याङ्जाबाट ३० जनाको नाम सिफारीस हुनुपर्ने छ । तर आकांक्षीको संख्या १०१ पुगेपछि ७१ जनाको नाम सिफारीस गर्न प्रदेश, संघिय क्षेत्र र जिल्लालाई हम्मे, हम्मे पर्ने देखिन्छ । नेपाली काँग्रेस स्याङ्जाका प्रवक्ता भरतप्रसाद लम्सालका अनुसार स्याङ्जा क्षेत्र नम्वर १ बाट प्रत्यक्ष संघिय सांसदका लागि ८ जना, समानुपातिकका लागि ३ र क्षेत्र नम्वर २ बाट १० जना प्रत्यक्ष, ४ जनाले समानुपातिकमा आकांक्षा देखाएको जानकारी दिए।

यसै गरी स्याङ्जा क्षेत्र नम्वर १ को प्रदेश (क) बाट प्रत्यक्षमा ९ जना र समानुपातिकबाट ८ जनाले आकांक्षा देखाएका छन् भने प्रदेश (ख) बाट प्रदेश सांसदका लागि प्रत्यक्ष ८ र समानुपातिकबाट १४ जनाले आकांक्षा देखाएको बताए । प्रदेश र क्षेत्रमा सहमतिपछि मात्रै जिल्लाले एकमुष्ट आकांक्षी उम्मेदवारको नाम गण्डकी प्रदेशमा सिफारीस गरिने उनले बताए । नेपाली काँग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङ, केन्द्रीय सदस्य गोपालमान श्रेष्ठ र युवा उद्यमी खुमाप्रसाद अर्यालले दुवै क्षेत्रमा संघिय सांसदका लागि नाम दर्ता गराएका छन्। गुरुङ र श्रेष्ठले क्षेत्र नम्वर १ बाट समानुपातिकमा पनि नाम दर्ता गराएका छन् । दुवै जनाले दुवै क्षेत्रमा उम्मेदवारीका लागि नाम दर्ता गरेपछि जिल्लामा छुट्टैखालको तरङ्ग फैलिएको छ।

यता नेकपा एमाले, नेकपा माओवादी, नेकपा एस लगायतकादलहरुले पनि उम्मेदवार छनोट प्रक्रियामा आत्नरिक तवरबाट लागेका छन् । यीदलहरुले भने अहिले सम्म उम्मेदवारको बिषयमा बाहिर ल्याएका छैनन।

## पुस्तकालय...

चरणमा विद्यालयको कोठा हुँदै सार्वजनिक ठाँटीको पौवामा चलेको पुस्तकालय अहिले आफ्नै सुविधासम्पन्न भवनबाट सञ्चालित छ।

पु स्त का ल य ले बर्सेनि पुस्तकालय दिवसलाई विशेष रुपमा मनाउँदै आएको छ । बिहीबादेखि साताव्यापी कार्यक्रमसहित दिवस मनाउन सुरु गरिएको पुस्तकालयले जनाएको छ । शुक्रबार पुस्तकालयको बाल विकास केन्द्रमा अध्ययनरत बालबालिकाको स्वास्थ्य परीक्षण तथा स्वास्थ्य सामग्री वितरण गरिएको थियो।

शनिबार साहित्यिक संस्थासँगको सहकार्यमा मोती जयन्ती, आइतबार माध्यमिक विद्यालयस्तरीय चित्रकला प्रतियोगिता सम्पन्न गरिएको छ। आज कारागारलाई पुस्तक हस्तान्तरणसँगै पुस्तकालय परिसर सरसफाइ गरिएको जनाइएको छ।

मङ्गलबार पुस्तकालयको सभाकक्षमा चित्रकला प्रदर्शनी हुनेछ । बुधबार दिवसको मूल समारोह आयोजना गरिएको छ । यस वर्ष 'पढौं, पढाऔं, निरन्तर शिक्षाका लागि पुस्तकालय जाऔं" भन्ने आदर्श वाक्यसहित दिवस मनाइँदैछ। भाषा, वाङ्मयप्रेमीले पुस्तकालय दिवसलाई महत्वका साथ लिन्छन्।

## तनहुँमा...

बाबुराम श्रेष्ठ, राधादेवी खनालले आवेदन दर्ता गराउनुभएको छ। क्षेत्रीय समितिमा उम्मेदवारी दर्ता गराएकामध्ये प्रत्यक्षतर्फ तीन जना र समानुपातिकतर्फ एक महिलासहित दुई जनाको नामावली सहमति भए सहमतिमा र नभए बहुमतीय आधारमा छनोट गरी जिल्ला कार्यसमितिमा सिफारिस गरिने क्षेत्रीय सभापति मौरातीले बताउनुभयो। तनहुँ क्षेत्र नम्बर २ का लागि प्रतिनिधिसभा सदस्यका लागि भदौ १६ गतेभित्र क्षेत्रीय समितिमा उम्मेदवारी दर्ता गर्न आग्रह गरिएको क्षेत्रीय सभापति चुडामणि खनालले बताउनुभयो । काङ्ग्रेस तनहुँ जिल्ला कार्यसमितिले भदौ १९ गतेभित्र उम्मेदवार सिफारिस गरी केन्द्रमा पठाउने तयारी गरेको छ।

प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति र प्रदेशसभा क्षेत्रीय कार्यसमितिबाट सिफारिस भई आएका उम्मेदवारको नामावली जिल्ला कार्यसमितिले भदौ १९ गतेभित्र केन्द्रीय समितिलाई पठाउने भएको हो।

तनहुँका दुई सङ्घीय निर्वाचन क्षेत्र र चार प्रदेशसभा निर्वाचन क्षेत्रमा आकाङ्क्षीको नामावली सङ्कलन गरी सम्बन्धित समितिबाट नामावली सिफारिस भई जिल्ला समितिमा आउने नेपाली कांग्रेस तनहुँका सचिव लक्ष्मीभक्त खनालले जानकारी दिनुभयो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

**सम्पादकीय**

# आचारसंहिता पालना होस

निर्वाचनलाई निष्पक्ष, विश्वासिलो र स्वच्छ तरिकाले सम्पन्न गर्न त्यस्तै खाले सरकार चाहिन्छ। हाम्रोजस्तो देशमा डाडु पनीयो हातमा हुनेले सबै आफ्नै भागमा हाल्छन । राज्यशक्तिको दुरुपयोग गरेर चुनाव जित्ने प्रबृत्ति रहेसम्म निर्वाचन स्वच्छ, निष्पक्ष र विश्वासनीय हुन सक्दैन । साधन श्रोत सरकारले प्रयोग गरुन्जेल निर्वाचनमा स्वच्छताको आशा गर्न सकिदैन । निर्वाचन सम्पन्न गर्ने संबैधानिक दायित्व बोकेको निर्वाचन आयोगले निर्वाचनका बेला आचारसंहिता जारी गर्दछामंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेश सभा सदस्यको निर्वाचनमा प्रधानमन्त्री र मन्त्रीहरुलाई चुनाव प्रचारमा सहभागी हुन रोक लगाएको छ ।

सोमबार राजपत्रमा प्रकाशित निर्वाचन आचारसंहितामा कुनैपनि मन्त्री र स्थानीय तहको जनप्रतिनिधि राजनीतिक दलको मुख्य प्रचारक र प्रचारक भई प्रचारप्रसारमा खटिन नपाउने उल्लेख छ। आयोगले नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका र कार्यपालिका पदाधिकारीले पालना गर्नुपर्ने ८ वटा आचरण तोकेको छ। जसमा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन वा प्रचार प्रसार गर्न नपाउने उल्लेख छ।

तर निर्वाचनमा आफैं उम्मेदवार भएका प्रधानमन्त्री र मन्त्री आफ्नो क्षेत्रमा प्रचार प्रसार गर्न जान भने पाउँछन् । यसरी प्रचार गर्न जाँदा सरकारी स्रोत साधन प्रयोग गर्न भने पाउने छैनन् । अहिलेसम्म राज्यकोषबाट खर्च नगरी प्रचारप्रसारमा जाने प्रधानमन्त्री र मन्त्री भेटिएका छैनन् । बाहिर देखाउन प्राइभेट सवारी साधन लिने तर तिर्दा विभिन्न वाहनाबाजी गरेर राज्यकोषबाट हुने गरेको छानिर्वाचन आयोगले सत्तामा बसेका र बस्न सक्नेलाई आचारसंहिता उल्लंघन गरेको भनेर कार्वाही भएको छैन। आचारसंहितामा केन्द्र र प्रदेश सरकारका मन्त्री र स्थानीय तहका कार्यपालिका सदस्यले वार्षिक बजेट र कार्यक्रममा स्वीकृत भएका बाहेकका अरु कार्यक्रम घोषणा गर्न र बजेट छुट्याउन पाउने छैनन् ।

कुनै योजनाको शिलान्यास, उद्धाटन, सर्वेक्षण गर्न पाउने छैनन् भने त्यसका लागि अनुदान दिन पनि पाउने छैनन् । त्यस्तै केन्द्र र प्रदेश सरकारका मन्त्री र स्थानीय तहका कार्यपालिका सदस्यले कुनै राजनीतिक नियुक्तिको पद सिर्जना गर्न र नियुक्त गर्न पनि पाउने छैनन्। आचारसंहिता जारी पछि मतदाता प्रभावित पार्न छापामार शैलीमा विधयेक ल्याउने र द्रुत मार्गबाट पास गराउने काम पनि अनैतिक हो । यस्ता काम पनि निर्वाचन आचार संहिताका विपरीत हो । उनीहरुले आयोगको अनुमति नलिई विदेश भ्रमणमा पनि जान पाउने छैनन् ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : मन चन्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# हरितालिका तीजमा तीन स्थानीय तहमा सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
**दमौली, १३ भदौं**

हरितालिका तीज पर्वको अवसरमा तनहुँका तीन स्थानीय तहले सार्वजनिक बिदा दिने निर्णय गरेको छ । व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका र म्याग्दे गाउँपालिकाले हरितालिका तीज पर्वको अवसरमा मङ्गलबार सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

व्यास नगरपालिका तथा नगरपालिकाअन्तर्गत सम्पूर्ण कार्यालय, सामुदायिक एवं निजी शैक्षिक संस्था, स्वास्थ्य संस्था (अत्यावश्यक बाहेक) र अन्य सङ्घसंस्थामा भदौ ७ गतेको बैठकको निर्णयअनुसार सार्वजनिक बिदा दिने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले जानकारी दिनुभयो । यसैगरी शुक्लागण्डकी नगरपालिकाले पनि तीजको अवसरमा मङ्गलबार सार्वजनिक बिदा दिने निर्णय गरेको छ । उक्त दिन नगरपालिकाको कार्यालय, वडा कार्यालय, सबै विद्यालय र नगरपालिकाभित्र सञ्चालित बैंक तथा वित्तीय संस्थामा बिदा रहने जनाइएको छ । नगरप्रमुख कृष्णराज पण्डितले हरितालिका तीजको शुभकामना दिंदै सभ्य रुपमा तीज मनाउन आग्रह गर्नुभएको छ । म्याग्दे गाउँपालिकाले पनि हरितालिका तीज पर्वको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो ।

# चितुवाको आक्रमणबाट आमाछोरा घाइते

**पोखरापत्र संवाददाता**
**दमौली, १३ भदौं**

तनहुँकोव्यासनगरपालिका-११ स्थित पातीघारीमा चितुवाको आक्रमणबाट सोमबार आमाछोरा घाइते भएका छन् । घाइते हुनेमा ४९ वर्षीया दिलमाया गुरुङ र नौ वर्षीय शङ्कर गुरुङ रहेको प्रहरीले जनाएको छ ।

घरमै सुतिरहेको बेला आज चितुवाले आक्रमण गरेको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो । निर्माणाधीन झ्याल ढोका नभएको घरमा सुतेका बेला चितुवा छिरेको थियो । सुरुमा छोरालाई आक्रमण गरेको र चितुवालाई लखेट्ने क्रममा आमा पनि घाइते भएको प्रहरी नायब उपरीक्षक खड्काले बताउनुभयो । चितुवाको आक्रमणबाट बालकको टाउकोमा र आमाको हातमा चोट लागेको थियो । घाइते दुवै दमौली अस्पतालमा उपचार पश्चात् घर फर्किएको अस्पतालले जनाएको छ ।

जिल्लामा केही समययता चितुवाको आक्रमण बढ्दो छ । बस्ती छेउमै आएर चितुवाले बालबालिकालाई आक्रमण गर्नेगरेको छ । जिल्लाको भानु, बन्दिपुर, आँबुखैरेनीमा बढी चितुवाको आतङ्क छ । गत बुधबार मात्रै बन्दिपुर गाउँपालिका-१ मा चितुवाको आक्रमणबाट तीन वर्षीय बालक घाइते भएका थिए । उनको चितवनमा उपचार भइरहेको छ । ती बालकको सफल शल्यक्रिया गरिएको छ । मृग, वन कुखुरालगायत वन्यजन्तु मानिसले शिकार गरिदिंदा वनमा शिकारको अभाव भई चितुवाले मानिसको शिकार गर्न थालेको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ । जङ्गल फँडानी गरेर बस्ती बसाल्ने, जङ्गली जनावर मारेर खाइदिने कारणले गर्दा र मानव र वन्यजन्तुबीच द्वन्द्व बढ्दो अवस्थामा रहेको डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले बताउनुभयो ।

चितुवाको प्राकृतिक खाना भनेको जीवजन्तु नै भए पनि त्यस्ता जीवजन्तु मानिसले खाइदिने गरेका कारण चितुवाको सिकार मानिस हुन थालेको अध्ययनबाट देखिएको छ । चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउन र एक्लै नहिँड्न आग्रह गरिएको छ । चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउने, झाडी सफा गर्न तथा बच्चा तथा वृद्धको विशेष ख्याल र रेखदेख गर्न वन कार्यालयले अनुरोध गरेको छ । चितुवाको आक्रमणबाट पछिल्लो पाँच वर्षको अवधिमा १२ बालबालिकाले ज्यान गुमाएका छन् । चितुवाको आक्रमणबाट ज्यान गुमाउनेमा १२ वर्षभन्दा कम उमेरका बालबालिका छन् ।

# तरकारीमा विषादीको प्रयोग बढ्यो

**रासस**
**चितवन, १३ भदौं**

विषादी अवशेष द्रुत प्रयोगशालामा प्रयोग गरिएका नमूनामध्ये १४ नमूनामा बढी मात्रामा विषादी प्रयोग भएको पाइएको छ । कृषि ज्ञान केन्द्र चितवन, भरतपुर महानगरपालिका र कृषि प्रवर्द्धन बजार विकास प्रालि क्षेत्रपुरले सञ्चालनमा ल्याएको प्रयोगशालामा गत आर्थिक वर्ष २०७८/८९ मा सात सय ४४ नमूना परीक्षण गरिएकोमा सो सङ्ख्यामा बढी मात्रामा विषादी प्रयोग गरेको पाइएको हो ।

कृषि ज्ञान केन्द्रकी अधिकृत सुरुची त्रिपाठीका अनुसार आठ नमूना क्वारेन्टिनमा राखेपछि बिक्रीका लागि पठाइएको छ । सात सय २२ नमूना खानयोग्य रहेको उहाँले जानकारी दिनुभयो । कार्यालयका अनुसार बढी मात्रामा विषादी प्रयोग हुनेमा केरा रहेको छ ।

परीक्षणका क्रममा चार ठाउँबाट ल्याइएको केरा, तीन ठाउँबाट ल्याईएको हिउँदे सिमी र दुई ठाउँको काँक्रो नष्ट गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार करेला, भेन्टा, बन्दा र भेडे खुर्सानी एक/एक ठाउँबाट ल्याइएकोलाई नष्ट गरिएको हो ।

विषादीको अधिकतम प्रयोग र यसबाट जनस्वास्थ्यमा पर्ने नकारात्मक प्रभावलाई निरुत्साहित गर्न, तरकारी, फलफूललगायत तत्काल उपभोग गरिने कृषि उपजमा रहने विषादीको अवशेष विश्लेषण गरी प्रचलित कानुन बमोजिम नियमन गर्न यो प्रयोगशाला निर्माण गरीएको हो ।

विसं २०७६ असोज ७ गतेबाट सञ्चालनमा आएको यस प्रयोगशालाले बिहान ३ बजेदेखि बिहान कै ६ बजेसम्म कृषि प्रवर्द्धन बजार विकास प्रालि क्षेत्रपुरमा सेवा दिंदै आएको छ ।

# बेनीमा अनलाइनमा आधारित राजस्व सूचना प्रणाली

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १३ भदौं**

म्याग्दीको बेनी नगरपालिकाले अनलाइनमा आधारित राजस्व सूचना प्रणाली प्रयोगमा ल्याएको छ ।

यसअघि नगरपालिकामा प्रयोगमा ल्याइएको अनलाइनमा आधारित राजस्व सूचना प्रणाली चालु आर्थिक वर्ष २०७९/८० देखि वडा कार्यालयमा पनि लागू भएको हो । बेनी नगरपालिकामा १० वटा वडा छन् । सेवा प्रवाहलाई छिटो, छरितो, व्यवस्थित, सरल र पारदर्शी बनाउन 'पेपरलेस गर्भनरनेन्स र फेसलेस सर्भिस'को अवधारणाअनुसार अनलाइन राजस्वप्रणाली लागू गरिएको प्रमुख प्रशासकीय अधिकृत धोलकराज ढकालले बताउनुभयो । "सहज, छिटो, झन्झटरहित र मितव्ययी हिसाबले सेवा उपलब्ध गराउन सूचना प्रविधिको प्रयोग गरेका छौं", उहाँले भन्नुभयो, "हरेक कामका लागि नगरपालिकाको कार्यालयमै आउनुपर्ने बाध्यता हटाउन वडामै सेवालाई विकेन्द्रित पनि गरिएको छ ।" यसअघि ठेली प्याड बनाएर हातले लेखेर रसिद दिने गरिएको थियो । सफ्टवयरमा विवरण प्रविष्ट गरेर रसिद काट्न थालिएको हो । वडा कार्यालयमा सफ्टवयरबाट राजस्व तिर्ने सुविधा भएपछि नगरपालिका धाउनु नपर्ने, नजिक हुने, अनियमितता, अपारदर्शीता हट्ने र सेवा प्रवाह छिटो भएको छ । जिल्लाको रघुगङ्गा गाउँपालिकालगायत देशका विभिन्न स्थानीय तहमा लागू भएको अनलाइनमा आधारित राजस्व सूचना प्रणाली चुहावट नियन्त्रण, आम्दानी वृद्धि र पारदर्शीता कायम गर्न प्रभावकारी बनेको छ । यसैगरी योजनाको लगत तयार र विवरण प्रविष्ट गरेर सम्झौता गर्ने मिल्ने सफ्टवयर प्रयोगमा ल्याइएको छ । विद्युतीय माध्यमबाट व्यक्तिगत घटना दर्ता, कार्यालयमा उपस्थित भएर औँठाछाप लगाउनुपर्ने बाहेकका सेवाका लागि इमेलबाट निवेदन लिने र सेवा दिने अभ्यास थालेको छ । विद्युतीय माध्यमबाट व्यक्तिगत घटना दर्ता गर्न यसअघिकै वर्षदेखि थालिएको थियो । सेवाग्राहीको औँठाछाप आवश्यक नपर्नेबाहेकको सिफारिसका लागि इमेलमा निवेदन पठाउने र इमेलबाटै सिफारिस उपलब्ध गराउन थालेको प्रमुख प्रशासकीय अधिकृत ढकालले बताउनुभयो । नगरपालिका र वडाको सिफारिस, दर्ता र चलानीलाई अनलाइन प्रणालीमा आधारित बनाइएको छ । प्राविधिकलाई वडाबाटै काम गर्ने व्यवस्था मिलाएर रु पाँच लाखसम्म बजेट विनियोजन भएका योजना सम्झौता गर्ने अधिकार वडासचिवलाई दिइएको नगर प्रमुख सुरत केसीले बताउनुभयो ।

नगरको सवै वडा कार्यालयमा इन्टरनेट जडान भएको छ । विद्युतीय माध्यमबाट सेवा उपलब्ध गराउन कम्प्युटर, प्रिन्टर, स्क्यानर र विद्युत् आपूर्तिको वैकल्पिक व्यवस्था मिलाइएको छ । वडासचिवहरूलाई गत हप्ता अनलाइन राजस्व सूचना प्रणालीका विषयमा तालिम सञ्चालन गरिएको नगर कार्यपालिकाका प्रवक्ता रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

# नवौं राष्ट्रिय खेलकुद : तनहुँबाट खेलाडी छनोट

**पोखरापत्र संवाददाता**
**तनहुँ, १३ भदौं (रासस)**

गण्डकी प्रदेशको राजधानी पोखरामा हुन लागेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि तनहुँबाट खेलाडी छनोट भएका छन् । जिल्ला खेलकुद विकास समितिले जिल्लाका विभिन्न ठाउँमा प्रतियोगिता सञ्चालन गरी खेलाडी छनोट गरेको हो ।

पूर्वाधार अभावकै बीचमा खेलकुद विकास समिति खेलाडी छनोट गर्न बाध्य छ । खेलकुद पूर्वाधार निर्माणका लागि राज्यको कम चासो हुँदा खेलकुदका गतिविधि सञ्चालन गर्न समस्या हुने गरेको समितिका अध्यक्ष अनिल पाण्डेले जानकारी दिनुभयो । "खेलकुद सञ्चालनका लागि पूर्वाधार छैन, भित्र खेलाइने खेलका लागि कभर्डहल छैन, भलिबल कोर्ट छैन", उहाँले भन्नुभयो, "जसोतसो व्यवस्थापन गरेर खेल सञ्चालन गरी खेलाडी छनोट गरेका छौं ।" नवौं राष्ट्रिय खेलकुदमा खेलाडी छनोटका लागि टेबलटेनिस घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयमा रहेको कोर्टमा खेलाइएको छ । भलिबल खुलाचौरस्थित खेलमैदानमा खेलाइएको छ । कराँते निर्माणाधीन कभर्डहलमा खेलाइएको छ । बास्केटबल व्यास नगरपालिका-१ स्थित निर्मल माविमा रहेको कोर्टमा खेलाइएको छ । बास्केटबल कोर्ट भने राष्ट्रिय खेलकुद परिषद्को सहयोगमा निर्माण गरिएको छ । यहाँ मापदण्डअनुसारका दुई बास्केटबल कोर्ट निर्माण गरिएको छ । नवौं राष्ट्रिय खेलकुदका लागि तनहुँमा खेल खेलाउँछौं भन्दा पूर्वाधार अभावले नसकिने अवस्था रहेको उहाँले बताउनुभयो । "तनहुँमा पनि खेल खेलाउने इच्छा हो, तर पूर्वाधार नै छैन", अध्यक्ष पाण्डेले भन्नुभयो, "मापदण्डअनुसारको कोर्ट भएकाले बास्केटबल खेल खेलाउन सकिन्छ ।" तनहुँमा महिला बास्केटबल खेलाउने तयारी छ । महिला बास्केटबलका लागि खेलाडी र अफिसियलसहित तीन सय जना दमौली आउनेछन् । "होटलको अभावका कारण महिला बास्केटबलका लागि मात्रै व्यवस्थापन गर्न सकिने भइयो", उहाँले भन्नुभयो । खेल सञ्चालनका लागि खेलकुदका सामग्री पनि अभाव रहेको कराँते महासङ्घ तनहुँका अध्यक्ष मनिराज थापामगरले बताउनुभयो । कराँतेका लागि खेलाडी छनोट गर्न जिल्लामा म्याट नरहेकाले लमजुङबाट मगाइएको उहाँले बताउनुभयो । बजेट अभावका कारण खेलकुद विकास समितिलाई कार्यालय भाडा तिर्न पनि समस्या हुँदै आएको छ । "पाँच/छ महिनाको भाडा रकम नभएर व्यक्तिगत रुपमा उठाएर तिर्नुपर्ने अवस्था पनि आयो", पाण्डेले भन्नुभयो । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता गण्डकी प्रदेशमा हुनु गौरवको कुरा भएको र तनहुँको दमौलीमा पनि खेल सञ्चालन गर्दा व्यास नगरपालिकाको तर्फबाट हुनसक्ने सहयोग गर्न आफूहरू तयार रहेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । "नगरपालिकाका पनि सीमित स्रोत छन्, प्रतियोगिता सम्पन्न गराउनु सबैको दायित्व र कर्तव्य हो", उहाँले भन्नुभयो । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि क्रिकेट, ब्याडमिन्टन, बास्केटबल, उसु, बक्सिङ, फुटबल, भलिबल, एथलेटिक्स, कबड्डी, तेक्वान्दो, टेबलटेनिस, बुद्धिचाल, कराँते, आइटिएम तेक्वान्दो, फुल कन्ट्याक्ट कराँतेबाट प्रतियोगिता सञ्चालन गरी खेलाडी छनोट गरिएको छ ।

करिब चार दशकपछि गण्डकी प्रदेशले राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना गर्ने अवसर प्राप्त गरेको छ । विसं २०४० मा दोस्रो संस्करणको आयोजनापछि पोखरालाई नवौं संस्करण आयोजनाको मौका मिलेको हो । राष्ट्रिय खेलकुदमा दुई प्रदर्शनसहित ३८ खेल सञ्चालन हुनेछन् । अधिकांश खेल पोखरामा र केही खेल पोखरा बाहिर गर्ने तयारी छ । प्रदेशका ११ वटै जिल्लामा कम्तीमा एक खेल सञ्चालन गर्ने योजना बनाइएको छ ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि तनहुँबाट दुई सय २१ खेलाडी छनोट भएका छन् । तीन दिनसम्म सञ्चालन भएको प्रतियोगिताबाट दुई सय २१ खेलाडी छनोट भएको जिल्ला खेलकुद विकास समितिले जनाएको छ । फुटबलतर्फ १४ पुरुष र १४ महिना गरी २८, भलिबलतर्फ नौ पुरुष र नौ महिला गरी १८, क्रिकेटतर्फ १४, बास्केटबलतर्फ नौ, टेबलटेनिसतर्फ पाँच, ब्याडमिन्टनतर्फ सात पुरुष र पाँच महिला गरी १२, एथलेटिक्सतर्फ नौ पुरुष र नौ महिला गरी १८, बुद्धिचालतर्फ तीन, कराँतेतर्फ २९, कबड्डीतर्फ दश पुरुष र दश महिला गरी २०, आइटिएम तेक्वान्दोतर्फ १४ पुरुष र ११ महिला गरी २५, तेक्वान्दोतर्फ छ पुरुष र छ महिला गरी १२, फूल कन्ट्याक्ट कराँतेतर्फ सात पुरुष र पाँच महिला गरी १२, उसुतर्फ छ पुरुष र छ महिलागरी १२ र बक्सिङतफ चार खेलाडी छनोट भएको खेलकुद विकास समितिले जनाएको छ । जिल्लाबाट छनोट भएका खेलाडीले प्रदेशस्तरमा प्रतिस्पर्धा गर्नेछन् ।

# बस दुर्घटना हुँदा दस कर्मचारी घाइते

**पोखरापत्र संवाददाता**
**तनहुँ, १३ भदौं (रासस)**

दमौलीबाट सरकारी कर्मचारी लिएर पोखरातर्फ जाँदै गरेको बस सोमबार साँझ दुर्घटना हुँदा १० जना घाइते भएका छन् । ग१ख ४०२३ नम्बरको बस पृथ्वी राजमार्ग सडकखण्डअन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका-१ स्थित गुणादी नजिकको सडकबाट तल खसेर दुर्घटना भएको हो ।

दुर्घटनामा परी घाइते भएकाको दमौलीको रत्नहरि मेमोरियल अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

घाइतेमध्ये दुई जना गम्भीर रहेका छन् । घटनाको थप विवरण आउन बाँकी रहेकाले अनुसन्धान भइरहेको तनहुँ प्रहरीले जनाएको छ ।

